# सुन्दरहरैंचा नगरपालिका
**SUNDARHARAINCHA MUNICIPALITY**

विराटचौक, मोरङ
**Biratchowk, Morang**
१ नं प्रदेश, नेपाल
**Province No. 1, Nepal**


सुन्दरहरैंचा नगरपालिका
मोरङ
२०७३

## प्रेस विज्ञप्ती

तत्कालिन पूर्वाञ्चल विकास क्षेत्रमा शिक्षाको विकासका निम्ती प्रधानमन्त्री स्व. श्री गिरीजाप्रसाद कोईरालाले मोरङ जिल्ला सुन्दरपुर, मृगौलिया र ईन्द्रपुर गाउं विकास समिति (हाल सुन्दरहरैंचा नगरपालिकाको वडा नं. ७, ८ र ९) को गोठगाउँ परिसरमा ८०५ विगहा जमिन उपलब्ध गराई वि.सं. २०५० सालमा शिलन्यास गरी पूर्वाञ्चल विश्वविद्यालयको स्थापना भएको सर्वविदितै छ ।

शैक्षिक तथा अनुसन्धान केन्द्रको रूपमा विकास गर्न पर्याप्त भवन निर्माण भई नसकेको तत्कालिन अवस्थामा केन्द्रीय कार्यालय विराटनगरमा भाडाको घरमा राखी सञ्चालन भईरहेको थियो । सो सर्न्दभमा स्थानीय तहको निर्वाचन पश्चात् नगर कार्यपालिकाले मिति २०७४ श्रावण २४ गते पूर्वाञ्चल विश्व विद्यालयका उपकूलपति समक्ष केन्द्रीय कार्यालय गोठगाउँमा नै राख्नका लागि प्रतिनिधि मण्डल सहित विराटनगरमै गएर दबाव श्रृजना गरेको थियो । त्यस पश्चात मोरङका ९ वटा पालिकाको मिति २०७४ पौष २ गते सुन्दरहरैंचा नगर कार्यपालिकाको कार्यालयमा बसेको पालिका स्तरीय बैठकबाट केन्द्रीय कार्यालय गोठगाउँ नै हुनु पर्ने भन्ने माग सहितको निरन्तर पहल, दवाव, खवरदारी भएको समेत स्मरण गराउन चाहन्छौं । विश्वविद्यालयले गोठगाउँ परिसर बाहेकका क्षेत्रमा गरेका कार्यक्रमहरूमा यस नगरपालिकाले सहभागिता नजनाएको पनि जगजाहेरै छ । गत वर्ष सम्माननीय राष्ट्रपती विध्यादेवी भण्डारीज्यूबाट समुद्घाटन भई विराटनगरमा सम्पन्न रजत जयन्ती कार्यक्रम समेत यस नगरपालिकाको कार्यपालिका बैठकले असहमती जनाएको विषयमा सम्माननीय राष्ट्रपतीज्यू र शिक्षा मन्त्री माननीय गिरीराजमणी पोखरेलज्यूबाट समेत गोठगाउँ परिसरमा नै केन्द्र सार्ने विषयमा चासो व्यक्त गर्नु भएको थियो ।

सुन्दरहरैंचा नगरपालिकाको निरन्तरको पहल कदमी, दवाव र समन्वयको फलस्वरूप मिति २०७६ फाल्गुण १४ गते बसेको प्रतिनिधी सभाबाट पूर्वाञ्चल विश्वविद्यालयको ऐन संसोधन गरी केन्द्रीय कार्यालय गोठगाउँमा नै रहने भनि ऐन पास भएको निर्णयप्रति संघीय सरकार तथा सम्मानीत दुवै सदन प्रति सुन्दरहरैंचा नगरपालिका आभार प्रकट गर्दछ । यस विषयलाई सरकार र सदनसम्म पुऱ्याई ऐन पास गराउन महत्वपूर्ण भूमिका खेल्नु हुने स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय भानूभक्त ढकाल, माननीय लालबाबु पण्डित, राष्ट्रिय सभा सदस्य माननीय रमेशजंग रायमाझी, प्रदेश सरकार तथा यस क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने माननीयज्यूहरू, विश्वविद्यालय सभाका सिनेट सदस्यहरू, सुन्दरहरैंचा नगरपालिकाका जनप्रनिधीहरू, सम्पूर्ण राजनैतिक दल, संघ संस्था एवम सुन्दरहरैंचा नगरवासीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै विश्वविद्यालयको केन्द्रीय कार्यालय गोठगाउँमै कायम भएको खुसीयालीमा मिति २०७६ फाल्गुण १६ गते शुक्रबार साझ आ–आफ्नो घर तथा चौकमा दिपावली गर्नु हुन सबै नगरवासीहरूमा हार्दिक अपिल गर्दछु ।

शिवप्रसाद ढकाल
(नगर प्रमुख)

मिति : २०७६/११/१५



PhoneNo.: - 021-545050, 545822,546822, Fire Brigade: 021-545666, 546666
Website: www.sundarharaichamun.gov.np,Email: sundarharaichamun@gmail.com